सियारी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हनैया, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल
(योजना शाखा)

## हाटबजार बैठकी कर सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

(दोस्रो पटक प्रकाशित मितिः २०८१/०३/१९)

यस सियारी गाउँपालिकाबाट मिति २०८१/०३/०३ गते हाटबजार बैठकी कर सम्बन्धी प्रकाशित सूचना अनुसार आय ठेक्का नं.SRM-01/081/082 हाटबजार लाग्ने स्थान साबिक प.अमुवा गा.वि.स. हाल सियारी गाउँपालिका वडा नं.७ कार्यालयको कम्पाउण्ड भित्र लाग्ने साप्ताहिक हाटबजारको तोकिएको म्याद भित्र १ वटा मात्र सिलबन्दी बोलपत्र दर्ता भएको हुँदा गणपूरक सिलबन्दी बोलपत्र नभएकोले उक्त सिलबन्दी बोलपत्रलाई यथावत राखी पूनः ७ दिनको दोस्रो सूचना प्रकाशन गरिएको छ।

**शर्तहरुः**

१. बैठकी करको दररेट सियारी गाउँपालिकाबाट प्राप्त गर्न सकिने छ।
२. ठेक्का रकम अङ्क र अक्षरमा दुबैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ।
३. आफुले कबुल गरेको रकमको ५ प्रतिशतले र हुने रकम धरौटी स्वरुप सियारी गाउँपालिकाको एन.आई.सि एशिया बैंक,सियारी गा.पा.-३ अवस्थित रहेको धरौटी खाता नं.०९३२०५००१४९४१०१२ मा जम्मा गरेको सक्कल भौचर सिलबन्दी दरभाउपत्र साथ संलग्न हुनुपर्नेछ।
४. कार्यालय प्रमुखको सहिछाप नभएको, रित नपुगेको र म्याद नाघी आएको दरभाउपत्रलाई मान्यता दिइने छैन।
५. दरभाउपत्र फाराम रु.१०००/- (फिर्ता नहुने गरी) तिरी सियारी गाउँपालिकाबाट उपलब्ध हुनेछ।
६. ठेक्का रकम रु.५०-५० प्रतिशतको दरले २ किस्तामा बुझाउनु पर्नेछ।
७. प्रथम किस्ता दरभाउपत्र स्वीकृत भई सूचना पाएको मितिले ७ दिनभित्र दाखिला गरी बाँकी किस्ताका लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त (क) वर्गको वाणिज्य बैंकबाट यस गाउँपालिकाको नाममा वि.स.२०८१ अषाढ मसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टि (परफरमेन्स वण्ड) समेत पेश गरि पट्टा उठाउनु पर्नेछ। अन्यथा धरौटी जफत गरी अर्को व्यवस्था गरिनेछ।
८. बाँकी किस्ता रकम २०८२ पौष मसान्त भित्र दाखिला गर्नुपर्नेछ र शर्तहरुको पालना नभएमा ठेक्का तोड्न सकिनेछ।
९. दरभाउपत्र मिति २०८१/०३/२५ गते सम्म यस कार्यालयबाट खरिद गर्न सकिने छ।
१०. दरभाउपत्र फारम पेश गर्ने अन्तिम मिति २०८१/०३/२६ गते (विदा परे भोली पल्ट) दिनको १२:०० बजे भित्र सियारी गाउँपालिकामा दर्ता गराई सक्नुपर्नेछ।
११. दरभाउपत्र मिति २०८१/०३/२७ गते दिनको २:०० बजे सियारी गाउँपालिकामा दरभाउपत्र दर्ता वाला निजको प्रतिनिधिको उपस्थिति वा अनुपस्थितिमा खोलिनेछ।
१२. आधी, झरी, बन्द, हडताल कुनै पनि कारणबाट बजार बन्द भएता पनि ठेक्का रकम मिनाहा हुनेछैन।
१३. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूण अधिकार सियारी गाउँपालिकामा सुरक्षित रहनेछ।
१४. अन्य जानकारीको लागि कार्यालय समयभित्र सियारी गाउँपालिकामा सम्पर्क गर्न सकिनेछ।
१५. यस सूचनामा उल्लेख नभएमा कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

.......................
ऋषिराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत

ऋषिराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत